थाहा नगरपालिका कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या: ०८२/०८३
चलानी नम्बर: ६२७

मिति : २०८२/०६/२२
ने.सं. ११४५, कौलागा

विषय : मतदाता नामावली दर्ता र अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
थाहा नगरपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेश, हेटौडाको प.सं. २०८२/०८३ च.नं. २४ मिति २०८२/०६/१० गतेको पत्रसाथ प्राप्त सूचना यसै पत्रसाथ संलग्न गरिएको छ । उक्त सूचना तहाँ वडा कार्यालयहरुमा टाँस गरी नागरिक स्तरसम्म कार्यक्रम सम्बन्धी सूचना प्रवाह र आवश्यक सहजीकरण गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

..............................
(निरज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
**निरज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प. स. २०८२।०८३
च. न. २८

मिति २०८२।६।१०

विषय : मतदाता नामावली दर्ता र अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

श्री जिल्ला स्थित स्थानीय तहहरु, सबै
मकवानपुर।

प्रस्तुत विषयमा मिति २०८२।०६।०९ देखि २०८२।०७।३० गते सम्म सन्चालन भैरहेको फोटोसहितको मतदाता नामावली दर्ता र अद्यावधिक सम्बन्धी यस कार्यालयको सुचना यसै साथ संलग्न छ । उक्त सुचना तहाँ कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुको सुचना पाटिमा टाँस गर्ने तथा नागरिक स्तरसम्म कार्यक्रम सम्बन्धी सुचना प्रवाह र आवश्यक सहजिकरण गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर
दर्ता नं. ६४३
मिति: २०८२।६।११

(हरिप्रसाद ढकाल)
प्रदेश निर्वाचन अधिकारी

फोन नं. ... Email: ... mkpur@gmail.com

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प. स. २०८२।०८३

च. न.

मिति २०८२।६।१०

**विषय : मतदाता नामावली दर्ता र अद्यावधिक सम्बन्धि सुचना ।**

संवत २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भए पछि स्थगित भएको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य मिति २०८२ असोज ९ गते देखी २०८२।७।३० गते सम्म पुन संचालन हुने भएको छ । यस पुर्व मतदाता नामावलीमा नाम दर्ता नभएका नेपाली नागरिकता प्राप्त नागरिक हरुले आयोगको वेवसाइट **www.election.gov.np** मा प्रि रजिस्ट्रेशन प्रणाली **(applyvr.election.gov.np)** वाट आवेदन भरि देहाएको कागजात सहित निर्वाचन कार्यालयमा स्वयं उपस्थित भै जैविक (Biometric/फोटोखिच्ने) उपलब्ध गराइ तोकिएको अवधि भित्र मतदाता नामावलीमा नाम दर्ता गराउनु भै आफ्नो मताधिकार सुरक्षित गर्नु हुन सवैमा अनुरोध छ ।

पुनश्चः मतदाता नामावलीमा नाम भएको तर विवरण फरक परि सच्चाउनु परेमा वा मतदानको लागि स्थायी ठेगाना संशोधन गर्नु परेमा आफैले घरमै वसि**(applyvr.election.gov.np)** वाट आवश्यक कागजात (नागरिकता /विवाह दर्ता /बसाइसराइ प्रमाणपत्र) सहित निवेदन दिन सकिने र सो कार्यका लागी निर्वाचन कार्यालयमा उपस्थित हुनु नपर्ने व्यहोरा समेत अनुरोध छ ।

**नामावली दर्ताको लागी आवश्यक कागजातहरु**

१ applyvr.election.gov.np मा प्रि रजिष्ट्रशन गरी त्यसको प्रिन्टः १ प्रति

२ सक्कल नागरिकता र त्यसको प्रतिलिपिः १ प्रति
( नागरिकताको स्थायी ठेगाना र मतदाताको स्थायी ठेगाना फरक भएमा मतदाताको स्थायी ठेगाना खुल्ने विवाह दर्ता वा बसाइसराइको प्रमाणपत्र)

एक पटक मतदाता नामावलीमा नाम दर्ता गरिसकेपछि पुन नाम दर्ता गर्न पर्दैन र गर्नु हुदैन

.............................

(हरिप्रसाद ढकाल)

प्रदेश निर्वाचन अधिकारी

[illegible] फोन नं ०५७५२४६८६ ९८५१०११९८६ ,Email-ec.deo.mkpur@gmail.com